# संयुक्त राष्ट्र संघको किसान तथा ग्रामीण श्रमिकका अधिकारसम्बन्धी

# घोषणापत्र



An unofficial translation of

United Nations Declaration on the Rights of Peasants and Other People Working in Rural Areas

Adopted by Human Rights Council on 28 September, 2018 and passed by the General Assembly on 17 December, 2018

https://www.geneva-academy.ch/joomlatools-files/docman-files/UN%20 Declaration%20on%20the%20rights%20of%20peasants.pdf

संयुक्त राष्ट्र सङ्घको किसान तथा ग्रामीण श्रमिकका अधिकारसम्बन्धी घोषणापत्रको अनौपचारिक नेपाली अनुवाद

धाराका शीर्षकहरू स्पष्टताको लागि सम्पादकद्वारा थप गरिएका हुन्

**प्रकाशित प्रति** : २ हजार

**प्रकाशन मिति** : जेठ, २०७७

**प्रकाशक** : खाद्यका लागि कृषि अभियानका लागि सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

**सल्लाह र समीक्षा** : कृष्ण पौडेल र जगत बस्नेत

**आवरण तस्बिर** : कुमार थापा, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

**अनुवाद** : सुवासचन्द्र कट्टेल

**सम्पादन** : टीका भट्टराई, रघुनाथ लामिछाने र जगत देउजा

साधारण सभा,

मानव जातिमा अन्तर्निहित प्रतिष्ठा एवं गरिमा र उनीहरूलाई प्राप्त समान एवं अविच्छेद अधिकारहरूलाई स्वतन्त्रता, न्याय तथा शान्तिका आधारका रूपमा स्वीकार गर्ने संयुक्त राष्ट्र सङ्घको घोषणापत्रमा प्रकट सिद्धान्तहरू . . . . स्मरण गर्दै निम्नानुसार घोषणा गर्छ :

## धारा १ : परिभाषा र व्याख्या

१. यस घोषणाको प्रयोजनका निम्ति, किसान वा ग्रामीण श्रमिक भनेको त्यस्तो व्यक्ति हो जो एक्लै, वा अरूसँग मिलेर वा सामुदायिकरूपमा जीविकोपार्जनका निम्ति र बजारका लागि सानो स्तरमा कृषि उत्पादनमा संलग्न हुन्छ वा संलग्न हुने चाहना राख्छ र मूलतः पारिवारिक वा घरेलु श्रमिक र मुद्रामा भुक्तानी नगरिने श्रमिक व्यवस्थापनका अन्य तरिकामा भर पर्छ र जसको जमिनमाथि विशेष निर्भरता र लगाव छ।

२. यो घोषणा त्यस्तो व्यक्तिका हकमा पनि लागु हुन्छ जो ग्रामीण क्षेत्रमा कुटिर वा लघु कृषि, अन्न बाली, पशु पालन, चरन, माछा तथा सिकार र सङ्कलन, कृषिजन्य हस्तकला वा यीसँग सम्बन्धित कुनै पेसामा संलग्न छ। यो त्यस्ता किसानमाथि निर्भर परिवारका सदस्यहरूमा पनि लागु हुन्छ।

३. यो घोषणापत्र जमिनमा काम गर्ने आदिवासी जनजाति र स्थानीय समुदाय, उँधौली उँभौली गर्ने गोठाला, घुमन्ते र पटके घुमन्ते समुदाय र माथि उल्लिखित क्रियाकलापमा संलग्न भूमिहीनहरूका हकमा समेत लागु हुन्छ।

४. साथै, यो घोषणापत्र कमान, कृषि फार्म, कृषि वन एवं माछा फार्म र कृषिजन्य उद्योग/व्यवसायमा नियुक्त कामदार, जस्तोसुकै कानुनी हैसियत रहेको भए तापनि सबैखाले प्रवासी कामदार र मौसमी कामदारका हकमा समेत लागु हुन्छ।

## धारा २ : राज्यका काम

१. राज्यहरूले किसान वा ग्रामीण श्रमिकका अधिकारहरूको सम्मान, संरक्षण र परिपूर्ति गर्नेछन् । यस घोषणापत्रमा उल्लिखित तत्कालै सुनिश्चित गर्न नसकिने अधिकारहरूको क्रमशः पूर्ण प्राप्तिका लागि उनीहरूले तुरुन्तै विधायकीय, प्रशासनिक र अन्य उचित कदम चाल्नेछन् ।

२. विभेदका विविध रूपलाई सम्बोधन गर्नुपर्ने आवश्यकतामाथि ध्यान दिँदै यो घोषणा कार्यान्वयनमा वृद्ध/वृद्धा, महिला, युवा, बालबालिका एवं अपाङ्गता भएका व्यक्तिलगायत किसान वा ग्रामीण श्रमिकका विशिष्ट आवश्यकतामा खास ध्यान दिइनेछ ।

३. आदिवासीहरूका विशिष्ट वैधानिक व्यवस्थाहरू उपेक्षा नगरी, किसान वा ग्रामीण श्रमिकका अधिकारलाई प्रभाव पार्न सक्ने कानुन तथा नीति, अन्तर्राष्ट्रिय सम्झौता र अन्य निर्णय प्रक्रियाहरू अवलम्बन र कार्यान्वयन गर्नुअघि, उनीहरूको सहयोग लिएर उनीहरूका योगदानप्रति उत्तरदायी बन्दै, विभिन्न पक्षबीचको विद्यमान शक्ति असन्तुलनलाई ध्यान दिँदै र सम्बन्धित निर्णय प्रक्रियाहरूमा व्यक्ति तथा समूहहरूको सक्रिय, स्वतन्त्र, प्रभावकारी, अर्थपूर्ण र सुसूचित सहभागिता सुनिश्चित गर्दै, ती निर्णयले असर पार्न सक्ने विषयहरूमा राज्यले किसान वा ग्रामीण श्रमिकहरूका प्रतिनिधि संस्था र उनीहरूसँग परामर्श र उच्च सदभावका साथ सहकार्य गर्नुपर्छ ।

४. राज्यहरूले किसान वा ग्रामीण श्रमिकमा लागु हुने अवस्थामा आफू पक्ष रहेका सम्बन्धित अन्तर्राष्ट्रिय सम्झौता र मापदण्डहरूलाई आफ्ना मानव अधिकार दायित्वसँग सापेक्ष हुनेगरी विस्तृतीकरण, व्याख्या र कार्यान्वयन गर्नेछन् ।

५. राज्यहरूले आफूले नियमन गर्नुपर्ने राज्यइतर निकायहरू व्यक्ति तथा सङ्गठनहरू र बहुराष्ट्रिय कम्पनी तथा अन्य व्यापारिक संस्थाहरूले किसान वा ग्रामीण श्रमिकका अधिकारलाई सम्मान गर्ने र सुदृढ तुल्याउने कुरा सुनिश्चित गर्न आवश्यक सबै उपाय अवलम्बन गर्नेछन् ।

६. राज्यहरूले, यस घोषणापत्रका लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि गरिने राष्ट्रिय प्रयत्नहरूमा सहयोग पुऱ्याउन अन्तर्राष्ट्रिय सहकार्यको महत्व स्वीकार्दै, यसका लागि राज्यहरूबीच उपयुक्त भएसम्म, सम्बन्धित अन्तर्राष्ट्रिय एवं क्षेत्रीय सङ्गठनहरू र नागरिक समाज, त्यसमा पनि खासगरी किसान वा ग्रामीण श्रमिकका सङ्गठनहरूको सहकार्यमा, उपयुक्त र प्रभावकारी उपायहरू अवलम्बन गर्नेछन् । यसमा निम्न उपायहरू समेत पर्न सक्छन् :

(क) अन्तर्राष्ट्रिय विकास कार्यक्रमहरूलगायत सान्दर्भिक अन्तर्राष्ट्रिय सहयोग किसान वा ग्रामीण श्रमिकका निम्ति समावेशी, पहुँचमा रहने र उपयुक्त रहेको कुरा सुनिश्चित गर्ने,

(ख) सूचना, अनुभव, तालिम र असल अभ्यासहरूसमेतको आदान-प्रदान र हस्तान्तरणका माध्यमबाट क्षमता वृद्धिलाई सहयोग र सहजीकरण गर्ने,

(ग) अनुसन्धान र वैज्ञानिक एवं प्राविधिक ज्ञानको पहुँचमा परस्पर सहयोगमा सहजीकरण गर्ने,

(घ) उपयुक्त भएसम्म परस्पर सहमत सर्तहरूभित्र रहेर र प्रविधि हस्तान्तरणका माध्यमबाट खासगरी विकासशील देशहरूलाई प्राविधिक र आर्थिक सहायता उपलब्ध गराउने, सुलभ प्रविधिमाथिको पहुँच तथा त्यसको आदान-प्रदानलाई सहजीकरण गर्ने,

(ङ) विश्वस्तरमा बजारको कार्यप्रणालीमा सुधार ल्याउने र खाद्यान्नको मूल्य अत्यधिक उतारचढाव एवं जमाखोरीप्रतिको आकर्षण सीमित राख्न सहयोग पुऱ्याउने हेतुले खाद्यान्न सञ्चितिलगायत बजारका सूचनामाथि बेलैमा पहुँच प्राप्त गर्ने कुरालाई सहजीकरण गर्ने ।

## धारा ३ : विभेदबाट मुक्ति

१. किसान वा ग्रामीण श्रमिकहरूको संयुक्त राष्ट्र सङ्घको बडापत्र, मानव अधिकारको विश्वव्यापी घोषणापत्र र मानव अधिकारका अन्य सबै अन्तर्राष्ट्रिय दस्तावेजले स्वीकार गरेका सबै मानव अधिकार एवं मौलिक स्वतन्त्रताहरू- जन्मस्थान, राष्ट्रियता, जाति, रङ, पुर्ख्यौली, लिङ्ग, भाषा, संस्कृति, वैवाहिक स्थिति, सम्पत्ति, अपाङ्गता, उमेर, राजनीतिक वा अन्य विचारधारा, धर्म, जन्म वा आर्थिक, सामाजिक तथा अन्य अवस्थाजन्य विभेदबाट मुक्त रहने अधिकारहरूको पूर्ण उपभोग गर्ने अधिकार रहनेछ ।

२. किसान वा ग्रामीण श्रमिकहरूलाई आफ्ना विकासको अधिकार प्राप्तिका लागि प्राथमिकता एवं रणनीति निर्धारण तथा विकास गर्ने अधिकार रहनेछ ।

३. किसान वा ग्रामीण श्रमिकहरूविरुद्ध बहु र प्रतिच्छेदरूपी विभेदलगायत विभेद हुने, विभेद कायम गर्न मद्दत पुऱ्याउने, सिर्जना गर्ने वा त्यसको बढावाका अवस्थाहरू हटाउन राज्यहरूले उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

## धारा ४ : सहभागी हुने अधिकार

१. पुरुष र महिलाबीच समानताका आधारमा, महिला किसान वा ग्रामीण महिला श्रमिकहरूले सबै मानव अधिकार र मौलिक स्वतन्त्रताहरू पूर्ण र समानरूपमा उपभोग गर्न सकून् र स्वतन्त्रपूर्वक ग्रामीण आर्थिक, सामाजिक, राजनीतिक एवं सांस्कृतिक विकास गर्न, त्यसमा सहभागी हुन र त्यसबाट लाभ लिन सकून् भन्ने कुरा सुनिश्चित गर्नका लागि राज्यहरूले उनीहरूमाथि हुने सबैखाले विभेद अन्त्य गर्न र उनीहरूको सशक्तीकरणलाई प्रवर्द्धन गर्न यथोचित सबै उपाय अपनाउने छन् ।

२. राज्यहरूले महिला किसान वा ग्रामीण महिला श्रमिकहरूले यो घोषणापत्र तथा मानव अधिकारका अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूमा उल्लिखित सम्पूर्ण मानव अधिकार एवं मौलिक स्वतन्त्रताहरू निम्न अधिकारहरूसमेत बिनाभेदभाव उपभोग गर्ने कुरा सुनिश्चित गर्नेछन् :

(क) सबै तहको विकास योजनाको तर्जुमा र कार्यान्वयनमा समान र प्रभावकारीरूपमा सहभागी हुने,

(ख) आवश्यक स्वास्थ्य सेवा/सुविधा, सूचना, परामर्श र परिवार नियोजन सेवासहित सम्भव हुनेसम्मको उच्च गुणस्तरीय शारीरिक एवं मानसिक स्वास्थ्यमा समान पहुँच हुने,

(ग) सामाजिक सुरक्षा कार्यक्रमहरूबाट प्रत्यक्ष लाभान्वित हुने,

(घ) व्यावहारिक साक्षरतासहित औपचारिक वा अनौपचारिक सबै किसिमका तालिम एवं शिक्षा प्राप्त गर्ने र प्राविधिक दक्षता वृद्धिका लागि सबै सामुदायिक एवं विस्तार सेवाहरूबाट लाभ प्राप्त गर्ने,

(ङ) रोजगारी वा स्वरोजगारीका माध्यमबाट आर्थिक अवसरहरूमा समान पहुँचका लागि स्वावलम्बन समूह, सङ्घ र सहकारीहरू गठन गर्ने,

(च) सबै सामुदायिक क्रियाकलापमा सहभागी हुने,

(छ) वित्तीय सेवाहरू, एकमुष्ट वा किस्तामा तिर्न सकिने कृषि ऋण, बजारीकरण सुविधा र उपयुक्त प्रविधिहरूमा समान पहुँच हुने,

(ज) भूमि तथा प्राकृतिक स्रोत, तिनको उपयोग तथा व्यवस्थापनमा समान पहुँच एवम् भूमि एवं कृषि सुधार तथा पुनर्वास योजनाहरूमा समान वा प्राथमिकतायुक्त व्यवहार हुने,

(झ) मर्यादित रोजगारी, समान पारिश्रमिक एवं सामाजिक सुरक्षा लाभ र आर्थिक उपार्जनका क्रियाकलापहरूमा पहुँच हुने,

(ञ) सबै किसिमका हिंसाबाट मुक्त हुने,

## धारा ५ : स्रोत/साधनमा पहुँच

१. किसान वा ग्रामीण श्रमिकलाई यस घोषणापत्रको धारा २८ अनुरूप स्वीकार्य जीवनस्तर उपभोग गर्न आवश्यक पर्ने आफ्ना समुदायमा रहेका प्राकृतिक स्रोत/साधनमाथि पहुँच प्राप्त गर्ने र तिनको दिगो किसिमले प्रयोग गर्ने अधिकार छ। उनीहरूलाई ती स्रोत/साधनको व्यवस्थापनमा सहभागी हुने अधिकार पनि छ।

२. किसान वा ग्रामीण श्रमिकले परम्परादेखि भोगचलन गरेका वा स्वामित्वमा राखेका प्राकृतिक स्रोत/साधनमा असर पर्ने कुनै पनि उपयोगको अनुमति निम्न आधारमा तर यसमा मात्रै सीमित नरही दिइनेछ :

(क) विधिवत् गरिएको सामाजिक एवं वातावरणीय प्रभाव मूल्याङ्कन,

(ख) यस घोषणापत्रको धारा २ (ग) अनुसारका सद्भावयुक्त परामर्शहरू,

(ग) त्यस्तो प्रयोगको लाभ किसान वा ग्रामीण श्रमिकहरू र उपयोगकर्ताहरूबीच न्यायिक एवं समतामूलक तरिकाले बाँडफाँट गर्नेबारे पारस्परिक समझदारीका आधारमा स्थापित ढाँचाहरू,

## धारा ६ : वैयक्तिक स्वतन्त्रता

१. किसान वा ग्रामीण श्रमिकलाई व्यक्तिका रूपमा जीवनको, शारीरिक तथा मानसिक अखण्डताको, स्वतन्त्रताको र व्यक्तिगत सुरक्षाको अधिकार छ।

२. किसान वा ग्रामीण श्रमिकलाई मनपरि पक्राउ गरिने वा हिरासतमा लिइने छैन, अन्य क्रूर, अमानवीय अथवा अपमानजनक व्यवहार गरिने वा सजाय दिइने छैन र दास वा बँधुवा बनाएर राखिने छैन।

## धारा ७ : कानुनी मान्यता

१. किसान वा ग्रामीण श्रमिकहरूलाई जहाँसुकै कानुनी व्यक्तिका रूपमा मान्यता प्राप्त गर्ने अधिकार छ।

२. राज्यहरूले किसान वा ग्रामीण श्रमिकहरू आवत जावत गर्ने स्वतन्त्रतालाई सहजीकरण गर्न उपयुक्त उपाय अवलम्बन गर्नेछन्।

३. राज्यहरूले, आवश्यकताअनुरूप, किसान वा ग्रामीण श्रमिकहरूलाई असर पार्ने अन्तर्राष्ट्रिय भोगाधिकारसम्बन्धी सवाल सम्बोधन गर्ने दृष्टिकोणलाई सहयोग गर्न यस घोषणापत्रको धारा २८ अनुरूप हुने गरी उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

## धारा ८ : वैचारिक स्वतन्त्रता

१. किसान वा ग्रामीण श्रमिकलाई विचारधारा, आस्था, धर्म, दृष्टिकोण र अभिव्यक्तिको स्वतन्त्रता र शान्तिपूर्ण भेलाको अधिकार छ । उनीहरूलाई आफ्ना विचार, बोलेर वा लेखेर वा छापेर, कलाका रूपमा वा उनीहरूका रोजाइका कुनै पनि माध्यमबाट, स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहहरूमा व्यक्त गर्ने अधिकार छ ।

२. किसान वा ग्रामीण श्रमिकको व्यक्तिगत र/वा सामूहिकरूपमा, एक्लै वा अरू कसैसँगको सहकार्यमा वा एउटा समुदायका रूपमा, मानव अधिकार तथा मौलिक स्वतन्त्रता हननविरूद्ध शान्तिपूर्ण गतिविधिमा सहभागी हुने अधिकार छ ।

३. यस धाराअन्तर्गत दिइएका अधिकार उपभोगसँगै विशेष कर्तव्य एवं जिम्मेवारी पनि साथै आउँछन् । त्यसकारण यस्ता अधिकारमा अङ्कुश लाग्न सक्छन् तर त्यस्तो प्रतिबन्ध कानुनबमोजिमको र निम्न आवश्यकताका लागि हुनुपर्नेछ :

(क) अरूका अधिकार वा प्रतिष्ठाको सम्मानका लागि,

(ख) राष्ट्रिय सुरक्षा वा अमनचयन वा सार्वजनिक स्वास्थ्य वा सदाचार रक्षाका लागि,

४. राज्यहरूले यस घोषणापत्रमा वर्णन गरिएका अधिकारहरूको वैध अभ्यास तथा प्रतिरक्षाका कारण हुन सक्ने कुनै पनि हिंसा, त्रास, प्रतिशोध, कानुनी वा आशयगत भेदभाव, दबाब वा अन्य कुनै मनपरिविरुद्ध उच्चतम अधिकारीद्वारा एकल वा सामूहिकरूपमा संरक्षण सुनिश्चित गर्न आवश्यक सबै उपाय अपनाउने छन् ।

## धारा ९ : मोलमोलाइका अधिकार

१. किसान वा ग्रामीण श्रमिकलाई आफ्नो हितको रक्षा गर्न र सामूहिक मोलमोलाइका निमित्त आफूले चाहेबमोजिमको संस्था, मजदूर सङ्गठन, सहकारी वा अन्य कुनै संस्था वा सङ्घ खोल्ने वा त्यसमा आबद्ध हुने अधिकार छ । त्यस्ता सङ्गठन स्वतन्त्र र स्वयंसेवी चरित्रका हुनुपर्नेछ र सबै प्रकारका हस्तक्षेप, जबर्जस्ती वा दमनबाट मुक्त रहनुपर्छ ।

२. कानुनद्वारा तोकिएका र एक प्रजातान्त्रिक समाजमा सार्वजनिक अमनचयन अथवा राष्ट्रिय वा सार्वजनिक सुरक्षाका लागि वा जनस्वास्थ्य एवं सदाचार कायम राख्न वा अरूका अधिकार तथा स्वतन्त्रता संरक्षण गर्न आवश्यक परेका अवस्थामा बाहेक यी अधिकार उपभोगमा कुनै बन्देज लगाइने छैन ।

३. राज्यहरूले किसान वा ग्रामीण श्रमिकहरूका सङ्घ, सहकारीलगायत अरू किसिमका सङ्गठन स्थापनाका निम्ति, तिनीहरूको स्थापना, समृद्धि एवं कानुनसम्मत क्रियाकलाप गर्दा आइपर्ने बाधा र त्यस्ता सङ्गठन र तिनका सदस्यविरुद्ध हुने कुनै कानुनी एवं प्रशासनिक विभेद निराकरण गर्ने उपायहरू अवलम्बन गर्नेछन् र करारहरूमा सर्तहरू तथा मूल्य न्यायोचित एवं स्थिर राख्न र उनीहरूको प्रतिष्ठा एवं मर्यादायुक्त जीवनको अधिकार हनन नभएको सुनिश्चित गर्ने दिशामा उनीहरूको पक्ष बलियो बनाउनका निमित्त सहयोग गर्नेछन् ।

## धारा १० : सङ्गठन

१. किसान वा ग्रामीण श्रमिकलाई उनीहरूका जीवन, भूमि र जीविकोपार्जनमा प्रभाव पार्न सक्ने नीति, कार्यक्रम तथा परियोजनाहरूको तयारी र कार्यान्वयनमा प्रत्यक्ष र/वा तिनका प्रतिनिधि संस्थाहरूमार्फत् सक्रिय र स्वतन्त्ररूपले सहभागी हुने अधिकार छ ।

२. राज्यहरूले किसान वा ग्रामीण श्रमिकको जीवन, भूमि र जीविकोपार्जनमा प्रभाव पार्ने निर्णय प्रक्रियाहरूमा उनीहरूको प्रत्यक्ष र/वा प्रतिनिधि संस्थाहरूमार्फत् सहभागितालाई प्रवर्द्धन गर्नेछन्, यसमा किसान वा ग्रामीण श्रमिकका सुदृढ र स्वतन्त्र सङ्गठन स्थापना एवं विकास गर्ने कुरालाई सम्मान गर्ने र उनीहरूलाई प्रभाव पार्न सक्ने खाद्य सुरक्षा, श्रम तथा वातावरणीय मापदण्डहरूको तयारी एवं कार्यान्वयनमा उनीहरूको सहभागिता प्रवर्द्धन गर्ने कुरासमेत पर्छ ।

## धारा ११ : सूचनामा पहुँच

१. किसान वा ग्रामीण श्रमिकलाई सूचना, जसमा उत्पादन, प्रशोधन, बजारीकरण तथा वितरणमा प्रभाव पार्न सक्ने तत्वहरूसम्बन्धी सूचनासमेत पर्छ, त्यो खोजी गर्ने, प्राप्त गर्ने, विकास गर्ने र वितरण गर्ने अधिकार छ ।

२. राज्यहरूले किसान वा ग्रामीण श्रमिकको जीवन, भूमि एवं जीविकोपार्जनमा प्रभाव पार्ने

सक्ने विषयहरूमा उनीहरूको सशक्तीकरण तथा प्रभावकारी सहभागिता सुनिश्चितका लागि उनीहरूका भाषा एवं ढाँचामा र सांस्कृतिक तरिकाले उपयुक्त माध्यमबाट सान्दर्भिक, पारदर्शी, सामयिक एवं आवश्यक सूचनामा पहुँच सुनिश्चित गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

३. राज्यहरूले किसान वा ग्रामीण श्रमिकका न्यायपूर्ण, निष्पक्ष र उपयुक्त प्रणालीमा पहुँच प्रवर्द्धन गर्नका निम्ति उनीहरूका उत्पादनहरूको गुणस्तरलाई स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा मूल्याङ्कन तथा प्रमाणीकरण गर्न तथा त्यस्तो प्रणाली तर्जुमा गर्दा उनीहरूको सहभागिता प्रवर्द्धन गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

## धारा १२ : चालचलनका अधिकार

१. किसान वा ग्रामीण श्रमिकको विवाद समाधानका निष्पक्ष प्रक्रियाहरूमा र मानव अधिकारका सबैखाले उल्लङ्घनहरूको प्रभावकारी कानुनी उपचारसमेत प्रभावकारी र विभेदरहित न्याय प्रणालीमा अधिकार छ। यस्ता निर्णय गर्दा अन्तर्राष्ट्रिय मानव अधिकार कानुन सम्बद्ध दायित्वहरूसँग सामञ्जस्य रहने गरी उनीहरूका चलन, परम्परा, नियम तथा न्याय प्रणालीहरूलाई उचित ध्यान दिनेछन् ।

२. राज्यहरूले विवाद समाधानका लागि निष्पक्ष एवं उच्चतम न्यायिक तथा प्रशासनिक निकायहरूबाट सम्बन्धित व्यक्तिहरूकै भाषामा, समयमै, आर्थिकरूपले थाम्न सक्ने र प्रभावकारी साधनहरूमा बिनाभेदभाव पहुँच गराउने र प्रभावकारी तथा छिटोछरितो कानुनी उपचार उपलब्ध गराउनेछन्, जसमा पुनरावेदन, बिगो भराउ, क्षतिलाई पहिलाकै स्थितिमा बहाली, क्षतिपूर्ति र बिगारको मर्मतसहितको अधिकार समावेश हुन सक्नेछ ।

३. किसान वा ग्रामीण श्रमिकलाई कानुनी सहायताको अधिकार छ। राज्यहरूले प्रशासनिक एवं न्यायिक सेवाहरूमा अन्यथा पहुँच नहुने किसान वा ग्रामीण श्रमिकलाई सहयोग गर्न कानुनी सहायतालगायत थप उपायबारे विचार गर्नेछन् ।

४. राज्यहरूले यस घोषणापत्रमा उल्लिखित अधिकारलगायत सबै मानव अधिकारको प्रवर्द्धन एवं संरक्षणका निमित्त सम्बन्धित राष्ट्रिय संस्थाहरूलाई सबल बनाउने उपायहरू विचार गर्नेछन् ।

५. राज्यहरूले किसान वा ग्रामीण श्रमिकलाई तिनका मानव अधिकार हननको उद्देश्य राख्ने वा त्यस्तो परिणाम निम्त्याउने, उनीहरूलाई जमिन एवं प्राकृतिक स्रोत/साधनबाट मनपरि

बेदखल गर्ने वा तिनका जीवन निर्वाह साधन एवं अखण्डताबाट वञ्चित गर्ने र कतै बाध्यात्मक बसोबास गराउने वा विस्थापन गराउने कुनै पनि क्रियाकलापको रोकथाम र निवारणका प्रभावकारी संयन्त्रहरू उपलब्ध गराउनेछन् ।

## धारा १३ : स्तरीय जीवनको अधिकार

१. किसान वा ग्रामीण श्रमिकलाई काम पाउने अधिकार छ जसमा जीविकोपार्जनका उपाय स्वतन्त्ररूपले रोज्ने अधिकार पनि पर्छ ।

२. किसान वा ग्रामीण श्रमिकका बालबालिकालाई जोखिमपूर्ण वा तिनको शिक्षामा अवरोध पुऱ्याउने, वा तिनको स्वास्थ्य एवं शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक तथा सामाजिक विकासका लागि हानिकारक कामबाट जोगिन पाउने अधिकार छ ।

३. राज्यहरूले किसान वा ग्रामीण श्रमिकहरू र तिनका परिवारलाई स्तरीय जीवनयापनका लागि पुग्ने पारिश्रमिक उपलब्ध गराउने अवसरका लागि सहज हुने वातावरण तयार गर्नेछन् ।

४. राज्यहरूले अति ग्रामीण गरिबी सामना गरिरहेका देशमा अन्य क्षेत्रमा रोजगारीका अवसर नभएको अवस्थामा मर्यादित रोजगारी सिर्जनामा योगदान पुऱ्याउन पर्याप्त श्रम सघन दिगो खाद्य प्रणालीहरूको स्थापना तथा प्रवर्द्धन गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

५. राज्यहरूले निर्वाहमुखी कृषि र लघु मत्स्य पालनका खास विशेषतामा ध्यान दिँदै, आवश्यक पर्ने ग्रामीण क्षेत्रहरूमा श्रम-निरीक्षकहरूको प्रभावकारी सञ्चालन सुनिश्चित गर्न स्थानीय श्रम निरीक्षण कार्यालयहरूका लागि उचित स्रोत/साधन छुट्याइ श्रम कानुन पालनाको अनुगमन गर्नेछन् ।

६. कसैले पनि जबर्जस्तीले बँधुवा भएर वा श्रम गर्नुपर्ने बाध्यतामा, मानव तस्करीको सिकार हुने जोखिममा वा अन्य कुनै पनि स्वरूपको वर्तमान दासत्वमा पर्नुपर्ने छैन । राज्यहरूले किसान वा ग्रामीण श्रमिकहरू र तिनका प्रतिनिधि संस्थाहरूसँगको परामर्श एवं सहकार्यमा, उनीहरूलाई आर्थिक शोषण एवं बालश्रम तथा अन्य सबैखाले वर्तमान दासत्व- मछुवार, मत्स्यकर्मी, वनकर्मी, वा मौसमी अथवा प्रवासी मजदूरीलगायत महिला, पुरुष र बालबालिकाको ऋण बन्धकी र जबर्जस्ती श्रमबाट जोगाउन उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

## धारा १४ : जोखिमपूर्ण काम अस्वीकार गर्ने अधिकार

१. किसान वा ग्रामीण श्रमिकलाई चाहे ती अस्थायी, मौसमी वा प्रवासी मजदूर हुन्, यस बुँदामा उल्लिखित अधिकार उपभोग गरेका कारण कुनै पनि प्रतिशोधको जोखिममा नपरी सुरक्षित र स्वस्थ वातावरणमा काम गर्ने, सुरक्षा र स्वास्थ्यसम्बन्धी उपायहरूको कार्यान्वयन एवं समीक्षामा सहभागी हुने, सुरक्षा र स्वास्थ्य प्रतिनिधिहरू तथा सुरक्षा र स्वास्थ्य समितिहरूमा प्रतिनिधिहरू छनोट गर्ने, खतरा र जोखिमहरू रोक्ने, घटाउने वा नियन्त्रण गर्ने उपायहरूको कार्यान्वयनमा सहभागी हुने, पर्याप्त र उपयुक्त रक्षात्मक लत्ताकपडा तथा उपकरणमा पहुँच हुने, र यौन दुर्व्यवहारलगायतका हिंसा तथा दुर्व्यवहारहरूबाट स्वतन्त्र रही काम गर्ने, असुरक्षित तथा अस्वस्थ वातावरणबारे उजुरी गर्ने र आफ्नो सुरक्षा तथा स्वास्थ्यमा गम्भीर जोखिम आइपर्ने लागेमा कामबाट उत्पन्न हुने खतराबाट आफैँलाई अलग्याउने अधिकार छ ।

२. किसान वा ग्रामीण श्रमिकहरूलाई कृषि रसायन र कृषि तथा औद्योगिक प्रदूषकलगायतका हानिकारक तत्वहरू एवं विषाक्त रसायनहरू प्रयोग नगर्ने वा आफूलाई त्यसको संसर्गमा नपार्ने अधिकार छ ।

३. राज्यहरूले किसान वा ग्रामीण श्रमिकका लागि कामका लागि अनुकूल, सुरक्षित एवं स्वस्थ वातावरण सुनिश्चित गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् । र, विषेशतः उपयुक्त उच्च अधिकारीहरूलाई जिम्मेवारी तोक्नेछन् । कृषि, कृषि उद्योग एवं मत्स्य उद्योगमा पेसागत सुरक्षा तथा स्वास्थ्यसम्बन्धी नीतिहरू कार्यान्वयन गर्न र राष्ट्रिय कानुन तथा नियमहरू बनाउन अन्तरक्षेत्रगत संयोजन संयन्त्र स्थापना गर्नेछन् । सुधारात्मक उपाय तथा उपयुक्त सजायहरू तोक्नेछन् र ग्रामीण कार्यस्थलहरूको निरीक्षणका लागि उचित एवं पर्याप्त प्रणालीहरू स्थापित गर्नेछन् र तिनलाई मद्दत गर्नेछन् ।

४. राज्यहरूले निम्न कुरा सुनिश्चित गर्न आवश्यक सबै उपाय अवलम्बन गर्नेछन् :

(क) प्रविधि, रसायन तथा खेती गर्ने तरिकाबाट उत्पन्न हुने तिनीहरूको निषेध वा प्रतिबन्धसमेतको स्वास्थ्य तथा सुरक्षा जोखिमहरूको रोकथाम,

(ख) कृषिमा प्रयोग हुने रसायनहरूको आयात, वर्गीकरण, प्याकेजिङ, वितरण एवं लेबलिङ र कृषिमा त्यसको प्रयोग निषेध वा प्रतिबन्धका लागि मापदण्ड निर्धारण गर्ने एउटा उपयुक्त राष्ट्रिय प्रणाली वा अख्तियार प्राप्त निकायबाट अनुमति प्राप्त अर्को कुनै प्रणालीको स्थापना,

(ग) कृषिमा प्रयोग हुने रसायनको उत्पादन, आयात, उपलब्धता, बिक्री, भण्डारण वा विसर्जन गर्नेहरूले सुरक्षा र स्वास्थ्यसँग सम्बन्धित राष्ट्रिय वा अन्य स्वीकृत मापदण्ड

पालना गर्ने तथा उपभोगकर्ताहरूलाई र माग भइआएमा सम्बन्धित निकायलाई समेत उपयुक्त राष्ट्रिय भाषा वा भाषाहरूमा आवश्यक र उपयुक्त जानकारी उपलब्ध गराउने,

(घ) रासायनिक फोहोर, बेचल्तीका म्याद सकिएका रसायन र रसायन राखिएका खाली भाँडा अन्य उद्देश्यका लागि प्रयोग हुनसक्ने सम्भावना टार्न र मानवीय स्वास्थ्य एवं सुरक्षा तथा प्राकृतिक वातावरणमाथिको जोखिम निर्मूल वा न्यूनीकरण गर्न तिनको सुरक्षित सङ्कलन, पुनः प्रयोगका लागि प्रशोधन एवं विसर्जन गर्ने उपयुक्त प्रणाली,

(ङ) ग्रामीण क्षेत्रहरूमा सामान्यतः प्रयोग हुने रसायनबाट मानवीय स्वास्थ एवं प्राकृतिक वातावरणमा पर्ने असरहरू र तिनका विकल्पबारे शैक्षिक तथा सार्वजनिक चेतनामूलक कार्यक्रमहरू विकास तथा कार्यान्वयन,

## धारा १५ : खाद्य अधिकार

१. किसान वा ग्रामीण श्रमिकहरूलाई पर्याप्त खाना प्राप्त गर्ने र भोकमरीबाट मुक्त हुने आधारभूत अधिकार छ। यसमा खाद्यवस्तु उत्पादन र आवश्यक पोषणको अधिकार पनि पर्छ जसले उच्चतम शारीरिक, भावनात्मक र बौद्धिक विकासको उपभोग गर्ने सम्भावना प्रत्याभूत गर्छ।

२. राज्यहरूले दिगो र समतामूलक तरिकाबाट, संस्कृतिको सम्मान गर्दै, खाद्यान्नमा भावी पुस्ताको पहुँच बचाउँदै उत्पादन र उपभोग गरिएको पर्याप्त एवं उचित खाद्यान्नमाथि किसान वा ग्रामीण श्रमिकहरूको हरसमय भौतिक एवं आर्थिक पहुँच भएको सुनिश्चित गर्नेछन्।

३. राज्यहरूले प्राथमिक स्वास्थ्य सेवाको खाकाभित्रसमेत समेटी अन्य कुराहरूका साथै सहजै उपलब्ध प्रविधिको उपयोग एवं आवश्यक पोषणयुक्त खानेकुराको व्यवस्था गरेर अनि महिलाहरूले गर्भावस्था एवं स्तनपान गराउने अवधिमा आवश्यक पोषण प्राप्त गरेको सुनिश्चित गरेर ग्रामीण बालबालिकाहरूमा हुने कुपोषणविरुद्ध लड्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्। राज्यहरूले समुदायका सबै तह, मूलतः आमा/बाबु तथा बालबालिका, पोषण शिक्षाबारे सुसूचित र त्यसमा उनीहरूको पहुँच राख्न र बाल पोषण एवं स्तनपानका फाइदाबारे आधारभूत ज्ञान प्रयोग गर्न पनि सहयोग सुनिश्चित गर्नेछन्।

४. किसान वा ग्रामीण श्रमिकहरूलाई उनीहरूका आफ्नै खाद्य तथा कृषि प्रणालीहरू निर्धारण गर्ने अधिकार छ जसलाई थुप्रै राष्ट्र तथा क्षेत्रहरूले खाद्य सम्प्रभुताका रूपमा स्वीकार गरेका छन्। यसमा खाद्य तथा कृषिसम्बन्धी नीति निर्माणको निर्णय प्रक्रियामा सहभागी

हुने अधिकार र उनीहरूको संस्कृतिलाई सम्मान गर्ने पर्यावरणीय दृष्टिले उचित तथा दिगो तरिकाबाट उत्पादित स्वस्थ एवं आवश्यक खाद्यान्नको अधिकार पनि पर्छ ।

५. राज्यहरूले पर्याप्त खाद्यान्न, खाद्य सुरक्षा एवं खाद्य सम्प्रभुता र दिगो एवं समतामूलक खाद्य प्रणालीहरूलाई उन्नत बनाउन र संरक्षण गर्न किसान वा ग्रामीण श्रमिकहरूसँगको सहकार्यमा, यस घोषणापत्रमा उल्लिखित अधिकारहरू प्राप्तिका लागि स्थानीय, राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा सार्वजनिक नीतिहरू निर्माण गर्नेछन् । राज्यहरूले आफ्ना कृषि, अर्थ, सामाजिक, सांस्कृतिक तथा विकास नीतिहरूले यस घोषणापत्रमा समाविष्ट अधिकारसँग सामञ्जस्य सुनिश्चित गर्ने संयन्त्रहरू स्थापित गर्नेछन् ।

## धारा १६ : उत्पादनको बजारीकरण

१. किसान वा ग्रामीण श्रमिकहरूलाई आफू र आफ्ना परिवारका लागि उपयुक्त जीवनस्तर प्राप्तिका लागि आवश्यक उत्पादनका औजार, प्राविधिक सहायता, ऋण, बिमा र अन्य वित्तीय सेवालगायतका उत्पादनका साधनहरूमा सहज पहुँचको अधिकार छ । उनीहरूलाई खेती, मत्स्य पालन, पशु पालन र वनसम्बन्धी परम्परागत तरिकाहरूमा स्वतन्त्रपूर्वक, एक्लै र/वा सामूहिकरूपमा, अरूसँगको सहकार्यमा वा एउटा समुदायका रूपमा संलग्न हुने र समुदायमा आधारित व्यापारिक प्रणालीहरू विकास गर्ने अधिकार पनि छ ।

२. राज्यहरूले किसान वा ग्रामीण श्रमिकहरूलाई आफ्ना उत्पादन उचित आम्दानी तथा जीविका सुनिश्चित गर्न सक्ने मूल्यमा स्थानीय, राष्ट्रिय तथा क्षेत्रीय बजारहरूमा बिक्री गर्न आवश्यक परिबहन र प्रशोधन, सुकाउने तथा भण्डार गर्ने सुविधाहरूमा पहुँच अनुकूल बनाउन उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

३. राज्यहरूले स्थानीय, राष्ट्रिय तथा क्षेत्रीय बजारहरूलाई सुदृढीकरण र सहयोग गर्न त्यस्ता उपयुक्त उपायहरू अवलम्बन गर्नुपर्छ जसको फलस्वरूप किसान वा ग्रामीण श्रमिकहरूलाई आफू र आफ्ना परिवारको उचित जीवनस्तर प्राप्त गर्न सम्भव तुल्याउने मूल्यमा आफ्ना उत्पादन बिक्री गर्न ती बजारहरूमा पूर्ण र समतायुक्त पहुँच एवं सहभागिता होस् ।

४. राज्यहरूले आफ्ना ग्रामीण विकास, कृषि, वातावरण, व्यापार र लगानीसम्बन्धी नीति तथा कार्यक्रमहरू स्थानीय जीविकोपार्जनका उपायहरूको संरक्षण र सबलीकरणमा र कृषि उत्पादनका तरिकाहरू दिगोतर्फ बदल्न प्रभावकारी योगदान पुऱ्याउने किसिमका रहेको सुनिश्चित गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् । राज्यहरूले सम्भव भएसम्म

पर्यावरणमैत्री एवं प्राङ्गारिकसमेत, दिगो उत्पादनलाई प्रश्रय दिनेछन् र किसानदेखि उपभोक्तासम्मको सिधा बिक्रीलाई सहजीकरण गर्नेछन् ।

५. राज्यहरूले प्राकृतिक प्रकोप तथा बजारको असफलतालगायतका अन्य गम्भीर बिघ्नबाधाहरूप्रति किसान वा ग्रामीण श्रमिकहरूको प्रतिरोध क्षमता सबल पार्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

६. राज्यहरूले कुनै किसिमको भेद नराखी समान तहको कामका लागि उचित ज्याला र समान पारिश्रमिक सुनिश्चित गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

## धारा १७ : भूमि र प्राकृतिक स्रोतका अधिकार

१. किसान वा ग्रामीण श्रमिकहरूलाई यथोचित जीवनस्तर प्राप्त गर्न, सुरक्षा, शान्ति एवं प्रतिष्ठाका साथ बस्ने एउटा ठाउँ हुन र आफ्ना संस्कृति विकास गर्न, यस घोषणापत्रको धारा २८ अनुरूप, व्यक्तिगत र/वा सामूहिकरूपमा भूमिको अधिकार छ जसमा उक्त भूमि र त्यसमा रहेका जलस्रोत, तटीय क्षेत्र, मत्स्य उद्योग, चरन तथा वनमा पहुँच हुने, व्यवस्थापन गर्ने र दिगो उपयोग गर्ने अधिकार समेत पर्दछ ।

२. राज्यहरूले भूमिमाथिको अधिकारसँग सम्बन्धित सबै किसिमका विभेद, वैवाहिक स्थिति, कानुनी क्षमताको अभाव वा आर्थिक स्रोतहरूमा पहुँचको अभावको कारणले उत्पन्न विभेदसमेत, हटाउन र निषेध गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

३. राज्यहरूले विभिन्न किसिमका ढाँचा र प्रचलनहरूको अस्तित्व स्वीकार गर्दै वर्तमानमा कानुनले संरक्षण नगरेका प्रथागत भूस्वामित्वको अधिकारलगायतका भूस्वामित्वका अधिकारहरूलाई मान्यता प्रदान गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् । राज्यहरूले विधिसम्मत स्वामित्वको संरक्षण गर्नेछन् र किसान वा ग्रामीण श्रमिकहरूलाई स्वेच्छाचारी वा गैरकानुनीतवरले बेदखल गर्ने छैनन् र उनीहरूको अधिकार अन्यथा समाप्त वा उल्लंघन नहुने सुनिश्चित गर्नेछन् । राज्यहरूले साझा प्राकृतिक स्रोतहरू र तिनको सामूहिक प्रयोग एवं व्यवस्थापनसँग सम्बन्धित प्रणालीहरूको पहिचान एवं संरक्षण गर्नेछन् ।

४. किसान वा ग्रामीण श्रमिकहरूलाई उनीहरूको भूमि वा अभ्यस्त बसोबासस्थलबाट वा उनीहरूका क्रियाकलापमा प्रयोग हुने एवं यथोचित जीवनस्तर उपभोगका निम्ति आवश्यक पर्ने अन्य प्राकृतिक स्रोतहरूबाट स्वेच्छाचारी र गैरकानुनी विस्थापन गरिने कार्यविरुद्ध संरक्षण गरिनुपर्ने अधिकार छ। राज्यहरूले विस्थापनविरुद्धको संरक्षणलाई अन्तर्राष्ट्रिय

मानव अधिकार तथा मानवतावादी कानुनहरूअनुरूप हुने गरी राष्ट्रिय कानुनहरूमा समावेश गर्नुपर्छ। राज्यहरूले स्वेच्छाचारी र गैरकानुनी बलात् उठिबासलाई, कृषि क्षेत्रहरूको विनाशलाई र भूमि तथा अन्य प्राकृतिक स्रोतहरूको जफत वा हरणलाई, दण्डको साधन वा युद्धको तरिकाका रूपमा समेत निषेध गर्नेछन्।

५. स्वेच्छाचारी वा गैरकानुनी तरिकाले, प्राकृतिक विपत्ति र/वा सशस्त्र द्वन्द्वका घटनाहरूसमेतमा, जमिनबाट वञ्चित गरिएका किसान वा ग्रामीण श्रमिकहरूलाई व्यक्तिगत र/वा सामूहिकरूपमा, अरूसँगको सहकार्यमा वा एउटा समुदायका रूपमा आफूलाई स्वेच्छाचारी वा गैरकानुनी तरिकाले वञ्चित गरिएको जमिनमा फर्किने र सम्भव भएसम्म, उनीहरूका क्रियाकलापमा प्रयोग हुने एवं यथोचित जीवनस्तर यापनका निम्ति आवश्यक पर्ने प्राकृतिक स्रोतहरूमा उनीहरूको पहुँच पुनःस्थापित गरिनुपर्ने वा पुनःस्थापनाको सम्भावना नभएका अवस्थामा न्यायिक, निष्पक्ष र कानुनसम्मत क्षतिपूर्ति प्राप्त गर्ने अधिकार छ।

६. किसान वा ग्रामीण श्रमिकहरूले यथोचित जीवनस्तर उपभोग गर्ने कुरा सुनिश्चित गर्न आवश्यक जमिन तथा अन्य प्राकृतिक स्रोतहरूमा फराकिलो एवं समतामूलक पहुँच सहजीकरण गर्न र जमिनको अत्यधिक केन्द्रीकरण तथा नियन्त्रणलाई सीमित तुल्याउन, यसका सामाजिक प्रकार्यहरूबारे विचार गर्दै राज्यहरूले, उपयुक्त भएसम्म, भूमि तथा कृषि सुधारका उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्। सार्वजनिक जमिन, मस्त्य उद्योग र वनहरूको बाँडफाँट गर्दा भूमिहीन किसान, युवा, साना स्तरका मत्स्यकर्मी तथा अन्य ग्रामीण कामदारहरूलाई प्राथमिकता दिइनुपर्छ।

७. राज्यहरूले कृषि पर्यावरणसमेतको माध्यमबाट तिनका उत्पादनमा प्रयोग हुने जमिन तथा अन्य प्राकृतिक स्रोतहरूको संरक्षण र दिगो प्रयोगतर्फ लक्षित उपायहरू अवलम्बन गर्नेछन् र जैविक एवं अन्य प्राकृतिक क्षमता तथा चक्रहरूको पुनर्जीवनका लागि अवस्थाहरू सुनिश्चित गर्नेछन्।

## धारा १८ : चालचलन र वातावरण जोगाउने अधिकार

१. किसान वा ग्रामीण श्रमिकहरूलाई वातावरण एवं आफ्नो जमिनको उत्पादकत्व क्षमता र आफूले प्रयोग एवं व्यवस्थापन गर्ने स्रोतहरूको संरक्षण तथा सुरक्षा गर्ने अधिकार छ।

२. राज्यहरूले किसान वा ग्रामीण श्रमिकहरूले बिनाभेदभाव, एउटा सुरक्षित, स्वच्छ र स्वस्थ वातावरण उपभोग गर्ने कुरा सुनिश्चित गर्न उपयुक्त उपायहरू अलवम्बन गर्नेछन्।

३. राज्यहरूले जलवायु परिवर्तनसँग जुध्न आ-आफ्ना अन्तर्राष्ट्रिय दायित्वहरू अनुपालन गर्नेछन्। किसान वा ग्रामीण श्रमिकहरूलाई जलवायु परिवर्तन अनुकूलन एवं न्यूनीकरणसम्बन्धी राष्ट्रिय एवं स्थानीय नीतिहरू तयार पार्न र कार्यान्वयन गर्न, अभ्यास एवं परम्परागत ज्ञानहरूसमेतको माध्यमबाट, योगदान पुऱ्याउने अधिकार छ।

४. राज्यहरूले किसान वा ग्रामीण श्रमिकहरूका जमिनमा खतराजनक कुनै पनि सामग्री, पदार्थ वा फोहोर भण्डारण वा विसर्जन नगरिने सुनिश्चित गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् र अन्तरसीमागत वातावरणीय क्षतिबाट उनीहरूको मानव अधिकार उपभोगमा आइपर्ने चुनौतीहरू सम्बोधन गर्न मिलेर काम गर्नेछन्।

५. राज्यहरूले ग्रामीण क्षेत्रमा कार्यरत किसान एवं अन्य मानिसका अधिकार संरक्षण गर्न प्रत्यक्ष वा अप्रत्यक्ष योगदान पुऱ्याउने वातावरणीय कानुनहरू लागुसमेत गरेर किसान वा ग्रामीण श्रमिकहरूलाई गैरराज्य पक्षबाट हुने दुर्व्यवहारहरूबाट जोगाउने छन्।

## धारा १९ : परम्परागत ज्ञानको अधिकार

१. किसान वा ग्रामीण श्रमिकहरूलाई यस घोषणापत्रको धारा २८ अनुरूप, निम्न कुराहरूसहित बीउबिजनको अधिकार छ :

(क) खाद्य तथा कृषिका लागि वनस्पतिका आनुवांशिक स्रोतहरूसँग सम्बन्धित परम्परागत ज्ञानको संरक्षण गर्ने अधिकार,

(ख) खाद्य तथा कृषिका लागि वनस्पतिका आनुवांशिक स्रोतहरूको सदुपयोगबाट सिर्जित लाभहरूको बाँडफाँटमा समतामूलक सहभागिताको अधिकार,

(ग) खाद्य तथा कृषिका लागि वनस्पतिका आनुवांशिक स्रोतहरूको दिगो प्रयोग र संरक्षणसँग सम्बन्धित विषयमा निर्णयहरू भइरहँदा त्यसमा सहभागी हुने अधिकार।

(घ) उनीहरूका खेतबारीमै उत्पादित बीउबिजन तथा बीउ/बोटबिरुवा बचाएर राख्ने, प्रयोग गर्ने, साटासाट गर्ने र बिक्री गर्ने अधिकार,

२. किसान वा ग्रामीण श्रमिकहरूलाई आफ्ना बीउबिजन तथा परम्परागत ज्ञान सम्भार गर्ने, सम्हाल्ने, संरक्षण गर्ने र विकास गर्ने अधिकार छ।

३. राज्यहरूले किसान वा ग्रामीण श्रमिकहरूको बीउबिजनसम्बन्धी अधिकारलाई सम्मान, संरक्षण र कार्यान्वित गर्न उपायहरू अवलम्बन गर्नेछन्।

४. राज्यहरूले किसानहरूलाई खेतीका लागि सर्वाधिक उपयुक्त समयमा र उचित मूल्यमा, पर्याप्त मात्रा र गुणस्तरमा बीउबिजन उपलब्ध हुने कुरा सुनिश्चित गर्नेछन् ।

५. आफैँले तयार गरेका बीउबिजनमा या स्थानीय स्तरमा उपलब्ध आफ्नो रोजाइअनुसारका अन्य बीउबिजनमा भर पर्न पाउने र आफूले लगाउन चाहेका बाली तथा प्रजातिहरूबारे निर्णय गर्न पाउने किसानका अधिकारलाई राज्यहरूले मान्यता दिनेछन् ।

६. राज्यहरूले किसानका बीउबिजन व्यवस्था गर्ने प्रणालीहरूलाई मद्दत गर्न र तिनका बीउबिजनको प्रयोग एवं कृषि जैविक विविधतालाई प्रवर्द्धन गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

७. राज्यहरूले कृषिको अनुसन्धान तथा विकासमा किसान वा ग्रामीण श्रमिकहरूका आवश्यकता एकीकृत कुरा सुनिश्चित गर्न र उनीहरूका अनुभवहरूलाई ध्यान दिँदै प्राथमिकताहरू परिभाषित गर्न तथा अनुसन्धान तथा विकास कार्यहरूमा उनीहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न एवं किसान वा ग्रामीण श्रमिकहरूका आवश्यकता सम्बोधन गर्ने स्थानिय बालीनाली तथा बीउबिजनबारे अनुसन्धान तथा विकासमा लगानी वृद्धि गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

८. राज्यहरूले बीउबिजनबारेका नीति, वानस्पतिक विविधताको संरक्षण तथा अन्य बौद्धिक सम्पत्तिसम्बन्धी कानुन, प्रमाणीकरण पद्धति र बीउबिजन बजारीकरणसम्बन्धी कानुनहरूले किसान वा ग्रामीण श्रमिकहरूका आवश्यकता र यथार्थहरूलाई सम्मान गर्ने एवं ख्याल राख्ने कुरा सुनिश्चत गर्नेछन् ।

## धारा २० : आनुवांशिक स्रोतसम्बन्धी अधिकार

१. राज्यहरूले ग्रामीण क्षेत्रमा कार्यरत किसान एवं अन्य मानिसका अधिकारहरूको पूर्ण उपभोगलाई प्रवर्द्धन तथा संरक्षण गर्नका निमित्त जैविक विविधताको संरक्षण र दिगो प्रयोग सुनिश्चित गर्न एवं त्यसमा ह्रास हुन नदिन, आफ्ना सान्दर्भिक अन्तर्राष्ट्रिय दायित्वहरूअनुरूप, उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

२. राज्यहरूले किसान वा ग्रामीण श्रमिकहरूका परम्परागत ज्ञान, आविष्कार र अभ्यासहरू, जैविक विविधताको संरक्षण तथा दिगो विकाससँग सम्बन्धित कृषि, चरन, वन, मत्स्य उद्योग, पशु पालन र कृषि पर्यावरणसम्बन्धी परम्परागत प्रणालीहरूसमेतको प्रवर्द्धन र संरक्षणका लागि उपयुक्त उपायहरू अवलम्बन गर्नेछन् ।

३. राज्यहरूले कुनै पनि परिमार्जित जीव (मोडिफाइड अर्गानिजम) हरूको विकास, सञ्चालन, प्रयोग, स्थानान्तरण वा उत्सर्जनका कारण ग्रामीण क्षेत्रमा कार्यरत किसान एवं अन्य मानिसका अधिकार हनन हुन सक्ने जोखिम रोकथाम गर्नेछन् ।

## धारा २१ : पानीसम्बन्धी अधिकार

१. किसान वा ग्रामीण श्रमिकहरूलाई सफा र स्वच्छ पिउने पानी तथा सरसफाइको अधिकार छ जुन जीवनको तथा समस्त मानव अधिकारहरूको र मानव प्रतिष्ठाको पूर्ण उपभोगका लागि आवश्यक छन् । यो अधिकारअन्तर्गत गुणस्तरीय, लगानीले थाम्न सक्ने एवं भौतिक दृष्टिले पहुँच पुग्न सक्ने र विभेदरहित र सांस्कृतिक तथा लैङ्गिक दृष्टिबाट स्वीकार्य पानी वितरण प्रणाली तथा सरसफाइ सुविधाहरूसमेत पर्छन् ।

२. किसान वा ग्रामीण श्रमिकहरूलाई व्यक्तिगत तथा घरायसी प्रयोजन, खेती, मत्स्य पालन र पशु पालनका निम्ति र पानीको संरक्षण, जीर्णोद्धार तथा दिगो प्रयोग सुनिश्चित गर्दै पानीमा आधारित जीविका सुरक्षित गर्ने अधिकार छ । उनीहरूलाई पानी एवं पानी व्यवस्थापनका प्रणालीहरूमा समतामूलक पहुँच प्राप्त गर्ने, पानी वितरणको मनपरि कटौती वा दूषित गरिनबाट मुक्त रहने अधिकार छ ।

३. राज्यहरूले, परम्परागत एवं समुदायमा आधारित पानी व्यवस्थापन प्रणालीहरूसमेतमा विभेद नहुने आधारमा पानीको पहुँचलाई सम्मान, संरक्षण र सुनिश्चित गर्नेछन् । र, व्यक्तिगत, घरायसी तथा उत्पादनशील प्रयोगका लागि र सुधारिएको सरसफाइ खासगरी ग्रामीण महिला तथा बालिका र वञ्चित वा सीमान्त समूहमा पर्ने घुमन्ते पशु पालक, बगान मजदूर, कानुनी हैसियत जस्तोसुकै भए पनि सबै प्रवासी कामदार र अस्थायी वा अनौपचारिक बस्तीहरूमा बस्ने जस्ता व्यक्तिहरूका लागि पानीको सर्वसुलभता सुनिश्चित गर्ने उपायहरू अवलम्बन गर्नेछन् । राज्यहरूले सिँचाइ, फोहोर पानी प्रशोधन गरी पुनः प्रयोग गर्ने र पानी सङ्कलन तथा भण्डारण गर्ने प्रविधिसमेत उपयुक्त र कम खर्चिला प्रविधिहरूको प्रवर्द्धन गर्नेछन् ।

४. राज्यहरूले हिमाल, जङ्गल, सीमसार, नदी, भूमिगत जल भण्डार र तालहरूलगायत पानीसँग सम्बन्धित पर्यावरणीय प्रणालीको अत्यधिक प्रयोग तथा हानिकारक पदार्थहरू, खासगरी औद्योगिक ढल तथा विषालु खनिज एवं रसायनहरूद्वारा विस्तारै वा तीव्र गतिमा विषाक्त हुनबाट जोगाउनेछन् र पुनर्स्थापन गर्नेछन् ।

५. राज्यहरूले तेस्रो पक्षहरूलाई किसान वा ग्रामीण श्रमिकहरूको पानीको अधिकार उपभोगमा बाधा पुऱ्याउनबाट रोक्नेछन् । राज्यहरूले पानीको संरक्षण, जीर्णोद्धार तथा दिगो प्रयोगलाई प्रवर्द्धन गर्दै अन्य उद्देश्यका लागि प्रयोग गर्नुअघि पानीको मानवीय आवश्यकतालाई प्राथमिकता दिनेछन् ।

## धारा २२ : सामाजिक सुरक्षाको प्रत्याभूति

१. किसान वा ग्रामीण श्रमिकहरूलाई सामाजिक बिमासमेत सामाजिक सुरक्षाको अधिकार छ ।

२. राज्यहरूले तिनका राष्ट्रिय परिस्थितिअनुसार ग्रामीण क्षेत्रका सबै प्रवासी मजदूरको सामाजिक सुरक्षा प्राप्त गर्ने अधिकारको उपभोग प्रवर्द्धन गर्न आवश्यक कदमहरू चाल्नेछन् ।

३. राज्यहरूले किसान वा ग्रामीण श्रमिकहरूको सामाजिक बिमासमेत सामाजिक सुरक्षाको अधिकारलाई मान्यता दिनेछन् र राज्यहरूले राष्ट्रिय परिस्थितिहरूअनुसार आधारभूत सामाजिक सुरक्षाको प्रत्याभूति दिने सामाजिक सुरक्षाका प्रावधानहरू स्थापना गर्नु वा कायम राख्नुपर्छ । उक्त प्रत्याभूतिले कम्तीमा जीवनको हरेक चरणमा सबैले आवश्यकताअनुसार अत्यावश्यक स्वास्थ्य सेवा र आधारभूत आम्दानी सुनिश्चित गर्नुपर्नेछ । जसले राष्ट्रियस्तरमा आवश्यक भनी प्रत्याभूत वस्तु तथा सेवाहरूमाथिको प्रभावकारी पहुँचलाई पनि सँगै सुरक्षित गर्छ ।

४. आधारभूत सामाजिक सुरक्षाको प्रत्याभूति कानुनद्वारा स्थापित हुनुपर्नेछ । निष्पक्ष, पारदर्शी, प्रभावकारी, पहुँचयोग्य र खर्चले थाम्न सक्ने गुनासो तथा अपिल प्रक्रियाहरू पनि निर्दिष्ट गरिनुपर्छ । यस्ता प्रणालीले राष्ट्रिय कानुनी ढाँचाहरूसँग तादात्म्य वृद्धि गर्ने हुनुपर्छ ।

## धारा २३ : स्वास्थ्य सेवाको अधिकार

१. किसान वा ग्रामीण श्रमिकहरूलाई शारीरिक तथा मानसिक स्वास्थ्यको उच्च प्राप्यस्तर उपभोग गर्ने अधिकार छ । उनीहरूलाई बिनाकुनै भेदभाव,सबै सामाजिक तथा स्वास्थ्य सेवाहरूमा पहुँचको अधिकार पनि छ ।

२. किसान वा ग्रामीण श्रमिकहरूलाई औषधिका लागि आफ्ना वनस्पति, प्राणी तथा

खनिजहरूको संरक्षण र तिनमा पहुँचलगायत आफ्ना परम्परागत औषधिहरूको प्रयोग र संरक्षण गर्ने एवं आफ्ना स्वास्थ्यसम्बन्धी अभ्यासहरू गरिराख्ने अधिकार छ।

३. राज्यहरूले ग्रामीण क्षेत्रमा खासगरी जोखिमयुक्त स्थितिमा रहेका समूहका लागि स्वास्थ्यसम्बन्धी सुविधा, सरसामग्री तथा सेवामाथि भेदभावरहित पहुँचको प्रत्याभूति गर्नेछन्। आवश्यक औषधि, तिनबाट बच्ने र तिनलाई नियन्त्रण गर्ने तरिकाहरूसमेत मुख्य सरुवा रोगहरूविरुद्धका खोप, प्रजनन स्वास्थ्य, समुदायलाई असर पार्ने प्रमुख स्वास्थ्य समस्याहरूसम्बन्धी सूचना, प्रसूति एवं बच्चाको स्वास्थ्य स्याहार, साथै स्वास्थ्य कर्मचारीहरूका लागि तालिम, स्वास्थ्य तथा मानव अधिकारसम्बन्धी शिक्षासमेतमा पहुँच सुनिश्चित गर्नेछन्।

## धारा २४ : जमिनबाट बेदखल गर्न नपाउने

१. किसान वा ग्रामीण श्रमिकहरूलाई उचित आवासको अधिकार छ। उनीहरूलाई शान्ति र सम्मानपूर्वक बाँच्न एउटा सुरक्षित घर र समुदायको जोहो गर्ने अधिकार छ र यस सन्दर्भमा भेदभाव नगरिने हक पनि छ।

२. किसान वा ग्रामीण श्रमिकहरूलाई आफ्ना घरबाट जबर्जस्ती उठिबास, दुर्व्यवहार तथा अन्य डर/त्रासविरुद्ध संरक्षण पाउने अधिकार छ।

३. राज्यहरूले किसान वा ग्रामीण श्रमिकहरूलाई उपयुक्त कानुनी वा अन्य संरक्षण नदिइ वा कानुनी उपचारमा खर्चले धान्न सक्ने पहुँच नदिइ वा आफैँले उपलब्ध नगराइ उनीहरूका इच्छा विपरीत, स्वेच्छाचारी वा गैरकानुनी तरिकाले, अस्थायी वा स्थायीरूपमा, तिनले ओगटेका घर वा जमिनबाट उठाउने छैनन्। बेदखली टार्न नसकी नउठाइ नहुने अवस्थामा राज्यहरूले कुनै पनि सामग्री वा अन्य क्षतिको उचित र न्यायपूर्ण पूर्ति अनिवार्यरूपमा गर्ने वा गराउने सुनिश्चित गर्नुपर्छ।

## धारा २५ : क्षमता वृद्धि तथा सूचनाको हक

१. किसान वा ग्रामीण श्रमिकहरूलाई आफू रहेको कृषि पर्यावरणीय, सामाजिक-सांस्कृतिक तथा आर्थिक वातावरणका लागि उपयुक्त हुने आवश्यक तालिमहरू प्राप्त गर्ने अधिकार छ। तालिममा समेटिनुपर्ने विषयहरूमा कमसेकम उत्पादकत्व, बजारीकरण तथा कीरा/फट्याङ्ग्रा, रोगाणु, प्रणालीगत झट्का, रसायन, जलवायु परिवर्तन एवं मौसमसँग सम्बन्धित घटनाका असर सामना गर्ने क्षमताहरू पर्छन्।

२. किसान वा ग्रामीण श्रमिकहरूका सबै बालबालिकालाई आफ्नो संस्कृतिअनुरूप र मानव अधिकारका दस्तावेजहरूमा समावेश गरिएका सबै अधिकारअनुरूपको शिक्षा प्राप्त गर्ने अधिकार छ।

३. राज्यहरूले किसान वा ग्रामीण श्रमिकहरूले सामना गर्नुपर्ने तात्कालिक र आउँदै गरेका चुनौतीहरूलाई बढी उपयुक्त तरिकाले सम्बोधन गर्नका लागि खेतबारी विद्यालय (फार्म फिल्ड स्कुल), सहकार्यमूलक वनस्पति प्रजनन, वनस्पति तथा पशु उपचार केन्द्र जस्ता समतामूलक र सहभागितामूलक किसान-वैज्ञानिक साझेदारीहरूलाई प्रोत्साहित गर्नेछन्।

४. राज्यहरूले किसानकै तहमा तालिम, बजारसम्बन्धी सूचना तथा परामर्श सेवाहरू उपलब्ध गराउन लगानी गर्नेछन्।

## धारा २६ : परम्परागत आस्थासम्बन्धी अधिकार

१. किसान वा ग्रामीण श्रमिकहरूलाई बिनाकुनै भेदभाव वा अवरोध, आफ्नो संस्कृतिमा रमाउने र स्वतन्त्रपूर्वक त्यसको विकासमा लाग्ने अधिकार छ। उनीहरूलाई जीवन पद्धति, उत्पादनका तरिका वा प्रविधि, रीतिरिवाज र चलिआएका आफ्ना परम्परागत र स्थानीय ज्ञानहरू, अभ्यास गरिराख्ने, व्यक्त गर्ने, सम्हाल्ने, संरक्षण गर्ने र विकास गर्ने अधिकार पनि छ। कसैले पनि अन्तर्राष्ट्रिय कानुनले प्रत्याभूत गरेका मानव अधिकार हनन गर्न वा तिनीहरूको दायरा सीमित गर्नका निमित्त सांस्कृतिक अधिकारको हवाला दिन भने सक्दैन।

२. किसान वा ग्रामीण श्रमिकहरूलाई व्यक्तिगत र/वा सामूहिकरूपमा, अरू समुदायसँगको सहकार्यमा वा एकल समुदायका रूपमा अन्तर्राष्ट्रिय मानव अधिकारअनुरूप हुने गरी आफ्ना चालचलन, भाषा, संस्कृति, धर्म, साहित्य र कलाहरू, व्यक्त गर्ने अधिकार छ।

३. राज्यहरूले किसान वा ग्रामीण श्रमिकहरूका परम्परागत ज्ञानसँग सम्बन्धित अधिकारहरूको सम्मान गर्नेछन् र तिनलाई मान्यता दिन र संरक्षण गर्न उपायहरू अवलम्बन गर्नेछन् एवं किसान वा ग्रामीण श्रमिकहरूका परम्परागत ज्ञान, अभ्यास तथा प्रविधिविरुद्ध हुने विभेद निराकरण गर्नेछन्।

## धारा २७ : बहुपक्षीय संस्थाले सहयोग गर्नुपर्ने

१. संयुक्त राष्ट्र सङ्घीय प्रणालीका विशिष्टीकृत निकाय, कोष तथा कार्यक्रमहरूले र अन्तर्राष्ट्रिय तथा क्षेत्रीय वित्तीय संस्थाहरूलगायत अन्य अन्तरसरकारी सङ्गठनहरूले अन्य कुराका साथसाथै विकास सहायता तथा सहकार्यको परिचालनमार्फत् यस घोषणापत्रको पूर्ण कार्यान्वयनमा योगदान गर्नेछन्। किसान वा ग्रामीण श्रमिकहरूलाई प्रभाव पार्ने सवालहरूमा उनीहरूको सहभागिता सुनिश्चित गर्ने उपाय तथा माध्यमहरूमा ध्यान दिइनेछ।

२. संयुक्त राष्ट्र सङ्घीय प्रणालीका विशिष्टीकृत निकाय, कोष तथा कार्यक्रमहरू र अन्तर्राष्ट्रिय तथा क्षेत्रीय वित्तीय संस्थाहरूलगायत अन्य अन्तरसरकारी सङ्गठनहरूले यस घोषणापत्रप्रतिको सम्मान तथा यसको पूर्ण प्रयोगको प्रवर्द्धन तथा त्यसको प्रभावकारीताको अनुगमन गर्नुपर्छ।

## धारा २८ : अधिकार सीमित गर्ने दायरा

१. यस घोषणापत्रका कुनै पनि कुराले किसान वा ग्रामीण श्रमिकहरू तथा आदिवासी जनजातिहरूले वर्तमानमा उपभोग गरिरहेका वा भविष्यमा प्राप्त गर्न सक्ने अधिकारलाई सीमित गर्न, तोडमरोड गर्न वा अमान्य घोषित गर्न सक्ने छैन।

२. यस घोषणापत्रमा तोकिएका अधिकारको अभ्यास गर्दा, बिनाभेदभाव सबैका मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूलाई सम्मान गरिनेछ। यस घोषणापत्रमा तोकिएका अधिकारहरूको सीमितता अन्तर्राष्ट्रिय मानव अधिकार दायित्वहरूको पालन हुने गरी कानुनले निर्धारण गरेबमोजिम हुनेछ। यस्ता सीमितता भेदभावविहीन हुनेछन् र ती केवल अरूका अधिकार तथा स्वतन्त्रताहरूको मान्यता, सम्मान र लोकतान्त्रिक समाजका न्यायसङ्गत एवं अपरिहार्य सर्तहरू पूरा गर्न जरूरी हुनेछन्।

नेपाल सहित ४५ सदस्यीय मानव अधिकार परिषद्बाट प्रस्तुत विषय राष्ट्र सङ्घको साधारणा सभाद्वारा पारित

खेती किसानीको सम्मानमा विश्व समुदायको प्रतिवद्धता